*मानवअधिकार समुदायका तर्फबाट जारी गरिएको*

## <u>प्रेस बिज्ञप्ति</u>

# मानव अधिकार आयोगका पदाधिकारीहरुको बर्खास्तीको माग

*२०६३ जेष्ठ ९ गते, काठमाडौं ।*

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ को अवैधानिक संसोधन मार्फत प्रतिनिधिसभाको महाअभियोगबाट पञ्छिन राजीनामा गरेका तत्कालिन सभामुख तारानाथ रानाभाट र राज्यको स्रोत तथा शक्ति दुरुपयोग गरेको आरोपमा निवारक नजरबन्दमा रहेका तत्कालिन परराष्ट्र मन्त्री रमेशनाथ पाण्डे संलग्न भएको समितिको सिफारिसमा निरंकुश शाही सत्ताबाट नियूक्त राष्ट्रिय मानव अधिकार आयोगका कथित पदाधिकारीहरु लगातार पदासीन भइरहनु र आयोगका गतिविधिहरु संचालन गरिरहनुले शान्तिपूर्ण जनआन्दोलनको भावनाको अपमान भएको छ । प्रतिनिधिसभाको पुर्नस्थापना पश्चात् जनताको सरकार गठन भइसक्दापनि निरंकुशतावादी पदाधिकारीहरुको बर्खास्तीका लागि सात राजनीतिक दलहरु तथा सरकारबाट कुनै कदम नचालिनुले देशमा लोकतन्त्रको स्थापना तथा न्यापूर्ण समाज निर्माणमा भएको शहीदको वलीदानी तथा लाखौं नेपाली नागरिकको समर्पणलाई तिरस्कृत गरेको मानवअधिकार समूदायको ठहर छ ।

मानवअधिकारका सर्वव्यापी मान्यताहरुको सम्मान नगर्ने, मानवअधिकार आन्दोलनका बिरुद्धमा घात गर्ने, शाही सत्ताको मतियारको रुपमा काम गर्ने र लोकतान्त्रिक आन्दोलनलाई असफल तुल्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रिय रहेका राष्ट्रिय मानव अधिकार आयोगका कथित पदाधिकारीहरुको २०६२ जेष्ठ १३ मा भएको नियूक्ति स्वतन्त्रता, निष्पक्षता, दक्षता एवं व्यावसायिकता जस्ता राष्ट्रिय मानव अधिकार संस्थाहरुको स्थापनासम्बन्धी "पेरिस सिद्धान्तहरु" को मान्यता विपरित ठहर गर्दै नेपालको मानव अधिकार समूदायले गठन प्रक्रिया अवैध भएको निष्कर्ष निकाल्दै वहिष्कार गरेको थियो । मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन लोकतन्त्र तथा नागरिक स्वतन्त्रताहरुमा विश्वास गर्ने व्यक्तिहरुबाट मात्र हुने भएकोले राज्य पुर्नसंरचनाको यस जटील समयमा पूर्ण लोकतन्त्रको स्थापना, मानव अधिकारको सम्मान, संक्रमणकालीन न्याय, दीगो शान्ति स्थापना र राष्ट्र निर्माणको कार्यमा राष्ट्रिय मानव अधिकार आयोगको अत्यन्त महत्वपूर्ण भूमिका हुने गर्दछ ।

देशमा मानवअधिकारको प्रत्याभूति भएको आम नागरिकलाई महसुस गराउन निर्लज्ज रुपमा पदासीन कथित राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरुलाई तत्काल बर्खास्त गरी शान्तिपूर्ण जनआन्दोलनका विरुद्ध सक्रिय रहेको आरोपमा कारवाही चलाउन मानवअधिकार समूदाय आग्रह गर्दछ । सार्वभौम सम्पन्न प्रतिनिधिसभाबाट जनआन्दोलनको मर्म अनुसार राष्ट्रिय मानव अधिकार आयोगको यथाशिघ्र गठनका लागि आवश्यक कदमहरु तत्काल चाल्न पनि हामी सात राजनीतिक दलहरु र नेपाल सरकारसंग जोडदार माग गर्दछौं ।

*<u>मानवअधिकारकर्मी समूदायका तर्फबाट</u>*

शोभाकर बुढाथोकी
स्टेरिङ कमिटी सदस्य
मानव अधिकार जोगाऔं आन्दोलन- नेपाल

### <u>प्रेश बिज्ञप्तिमा हस्ताक्षर गर्ने व्यक्तिहरुको नाम तथा संलग्न संस्था</u>

| क्र.सं. | नाम | संलग्न संस्था |
|---|---|---|
| १. | कृष्ण प्रसाद भण्डारी | बरिष्ठ अधिवक्ता |
| २. | सुबोधराज प्याकुरेल | इन्सेक |
| ३. | डा. अर्जुन कार्की | गैसस महासंघ, नेपाल |
| ४. | डा. गोपालकृष्ण सिवाकोटी | इन्हुरेड इन्टरन्याश्नल् |

| | | |
|---|---|---|
| ५. | गंगादेवी कसजु | मानवअधिकार एलाइन्स, नेपाल |
| ६. | शान्तलाल मुल्मी | रेकफेक |
| ७. | डा. रेणुराज भण्डारी | ओरेक |
| ८. | डा. कृषि अधिकारी | आर.आर.एन. |
| ९. | कुन्दन अर्याल | मानवअधिकार सन्धी अनुगमन समन्वय समिति |
| १०. | मन्दिरा शर्मा | एड्भोकेसी फोरम |
| ११. | शोभा गौतम | इह्विकोन |
| १२. | भवानीप्रसाद खरेल | राष्ट्रिय मानव अधिकार प्रतिष्ठान |
| १३. | समीर नेपाल | मनवअधिकार तथा वातावरण संरक्षण केन्द्र |
| १४. | तारक धिताल | सिवीन |
| १५. | डा. नेत्र तिम्सिना | फरेष्ट एक्सन |
| १६. | वीरेन्द्रप्रसाद थपलिया | फोरीड |
| १७. | राज नारायण नेपाली | ह्याम्रो अभियान |
| १८. | कुलमान गिरी | चाइल्ड- नेपाल |
| १९. | सृजना पोखेल | पपुलेशन वाच |
| २०. | प्रा. लक्ष्मण कुमार रेग्मी | सामाजिक न्यायका लागि साझा मञ्च |
| २१. | सुर्य बहादुर थापा | फ्राइन्डस सर्भीस काउन्सील, नेपाल |
| २२. | शर्मिला कार्की | जागरण नेपाल |
| २३. | शान्ती अधिकारी | सिवीस |
| २४. | अञ्जना शाक्य | हिमराइट्स |
| २५. | शैलेन्द्र गुरागाई | सिभिक्ट |
| २६. | कृष्ण थापा | पार्टनरशीप नेपाल |
| २७. | सावित्रा भुसाल | सीड |
| २८. | भोला भट्टराई | राष्टिय जनवकालत मञ्च |
| २९. | पदमराज पौडेल | एशीयन सेन्टर फर पीस |
| ३०. | रत्न बहादुर शाही | किर्डराक |
| ३१. | शोभाकर बुढाथोकी | मानव अधिकार जोगाऔं आन्दोलन- नेपाल |